# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त १० जिल्ला कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय, इटहरी -०४, सुनसरी**, फोन नं. : ०२५-५८८१७७/१७८

Website: supportmicrofinance.com.np/E-mail : smicrofinance7@gmail.com

## Unaudited Financial Report (Quarterly)

As at 2nd Quarter (2077.09.29) of the Fiscal Year 2077/078

*Amount in '000'*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | 1180266.41 | 1125972.15 | 913740.50 |
| 1.1 | Paid-up Capital | 66000.00 | 66000.00 | 60000.00 |
| 1.2 | Reserves and Surplus | 37879.62 | 26654.05 | 21246.02 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 789998.00 | 774748.87 | 612768.19 |
| 1.5 | Deposits (a+b) | **210417.90** | **192249.62** | **170767.12** |
| | a. Domestic Currency | 210417.90 | 192249.62 | 170767.12 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 75970.89 | 66319.62 | 48959.17 |
| 2 | **Total Assets (2.1 to 2.7)** | 1180266.41 | 1125972.15 | 913740.50 |
| 2.1 | Cash & Bank Balance | 5804.70 | 5929.58 | 4407.82 |
| 2.2 | Money at call and short Notice | 62314.11 | 102009.22 | 46883.96 |
| 2.3 | Investments | 1000.00 | 1000.00 | 1000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **1047144.51** | **960743.71** | **810236.30** |
| | a. Real Estate Loan | | | |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | | | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | 1047144.51 | 960743.71 | 810236.30 |
| 2.5 | Fixed Assets | 7801.78 | 5060.74 | 5675.89 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 56201.31 | 51228.89 | 45536.53 |
| 3 | Profit and Loss Account | | | |
| 3.1 | Interest income | 72123.38 | 34815.23 | 61247.90 |
| 3.2 | Interest Expense | 30769.93 | 16920.14 | 36162.37 |
| A | **Net Interest Income (3.1-3.2)** | **41353.45** | **17895.09** | **25085.54** |
| 3.3 | Fees Commission and Discount | 40.69 | | |
| 3.4 | Other Operating Income | 10048.90 | 5365.36 | 9671.37 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **51443.05** | **23260.45** | **34756.90** |
| 3.6 | Staff Expenses | 16749.11 | 8665.88 | 17074.95 |
| 3.7 | Other Operating Expenses | 7732.82 | 4209.45 | 6502.28 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **26961.12** | **10385.12** | **11179.68** |
| 3.8 | Provision for Possible Loss | 1868.82 | 3111.20 | 1157.75 |
| D | **Operating profit (C-3.8)** | **25092.30** | **7273.92** | **10021.92** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | | | |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **25092.30** | **7273.92** | **10021.92** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **25092.30** | **7273.92** | **10021.92** |
| 3.12 | Provision For Staff Bonus | 2509.23 | 727.39 | 911.08 |
| 3.13 | Provision For Tax | 6774.92 | 1963.96 | 2733.25 |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **15808.15** | **4582.57** | **6377.59** |
| 4 | Ratios | | | |
| 4.1 | Capital Fund to RWA | 9.43% | 9.33% | 8.95% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 2.62% | 2.36% | 1.76% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 25.61% | 54.25% | 53.59% |
| 4.4 | Cost of Funds | 6.03% | 7.43% | 11.06% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 497.65% | 499.74% | 474.47% |

| | |
|---|---|
| **Deposit : 4% - 12%** | **Loans and advance : 15%** |

Note: Above position & performances are subject to change if instructed by statutory auditor and regulatory authority.

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची-१४
(नियम २६ को उपनियम १ सँग सम्बन्धित)

## आ.व.२०७७/७८ को दोस्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण :**

क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : यसै विवरणका साथ प्रकाशित गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु.४७.९० | २६.४९ | रु.१५७.३९ | रु.१७८८.२८ | ६.८१ |

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : विश्वव्यापी रुपमा फैलिएको कोरोना(COVID-19)भाइरसको प्रभावलाई रोक्न नेपाल सरकारबाट गरिएको लकडाउन पूर्ण रुपमा हटी आर्थिक कृयाकलाप शुरु भएता पनि समिक्षा अवधिको शुरु महिनामानै नेपालीहरुको महान चाड बडादशैं, दिपावली तथा छठ जस्ता चाड पर्व परेको र लकडाउनको प्रभावले आर्थिक कृयाकलाप अत्यन्तै सुस्त र थिलथिलो भएको, हिँउदे धान काट्ने र थन्क्याउने महत्वपुर्ण समय भएकाले लघुवित्त संस्थाहरुको कारोबारमा प्रभाव परेको, तथा विगतमा लामो समय देशमा भएको लकडाउनका कारण ऋणी वा परिवारका सदस्यहरुले रोजगारी गुमाएका, आर्थिक गतिविधी प्रभावकारी रुपमा अघि बढन नसकेकोले अपेक्षित रुपमा वित्तीय संस्थाले साँवा, व्याज असुली गर्न सहजता भएको महशुस हुन सकेको पाइएन ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** समिक्षा अवधिमा लकडाउन हटी सकेको भएतापनि पनि कोरोना(COVID-19) भाइरस महामारीको प्रभाव रहीरहेकोले, चालु आ.व.को वार्षिक योजनालाई प्रत्यक्ष प्रभाव पार्ने साथै आम मानिसहरुको आर्थिक अवश्था, मानसिक अवश्था तथा रोजगारीको अवश्थामा सुधार भइ नसकेकोले लकडाउन पूर्ण रुपमा खुलेता पनि आर्थिक गतिविधी प्रभावकारी रुपमा नभएको र महामारीको त्रास कायमै रहेकोले आर्थिक कृयाकलाप तत्काले पुरानै लयमा फर्कन समय लाग्ने हुँदा व्यवसायिक योजना प्रभावित हुने देखिन्छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : लघुवित्त वित्तीय संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना साथै कर्जा सुचना केन्द्रमा लघुवित्त वित्तीय संस्थाहरुको तथ्याङ्क अद्यावधिक हुन नसक्दा खराब ऋणी सदस्यको पहिचानमा कठिनाई, ग्राहकको क्षमता भन्दा बढी कर्जा लगानी र कर्जाको दुरुपयोग आदी कारणले वित्तीय कारोबार असर परिरहेको छ, साथै अस्वस्थ प्रतिस्पर्धाका कारण चुनौतीहरु वृद्धी हुने क्रम कायमनै रहेको छ । लकडाउनका कारण आर्थिक गतिविधीमा कमी आएकोले समिक्षा अवधिको शुरुवाती अवश्थामा नगद प्रवाहमा प्रत्यक्ष असर गरेको, लघुवित्त वित्तीय संस्थाका ग्राहक सदस्यहरु, जो दैनिक रुपमानै रोजगारीमा सम्लग्न रहन्छन वा साना व्यापार, व्यवसाय वा उद्यम गर्छन, सो वर्गलाइ लकडाउनले अझ बढी प्रभाव पारेको महशुस गरिएको र यसको प्रभाव लामो समयसम्म रही रहने विश्लेषण गरिएको छ । साथै, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त हुने कर्जाको व्याजदरमा कमी आएकोले ग्राहक सदस्य (ऋणी)वर्गलाई केही राहत महशुस भएको पाइएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण**

क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको छैन ।

ख) यस त्रैमासिक अवधिमा वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) शेयरको मुल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा वित्तीय संस्था तटस्थ रहेको छ । यद्यपी संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने आधारभुत सूचनाहरु प्रचलित ऐन नियमको परिधी भित्र रही प्रवाहित गर्ने गरेको छ ।

ख) नेपाल स्टक एकसचेन्ज लि.को वेभसाइट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधिको शेयरको कारोबार निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रु.१,२७०/- | रु.७९०/- | रु.१,२६९/- | ५८ दिन | २,००८ |

५. **समस्या तथा चुनौती** :संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति सम्बन्धी विवरण ।

क) विश्वव्यापी चुनौतीका रुपमा रहेको कोरोना भाइरस(COVID-19) नियन्त्रणका लागि गरिएको लकडाउनले समग्र अर्थतन्त्रमा परेको प्रभावका कारण ग्राहक सदस्यको आयमा कमी आई किस्ता(साँवा तथा ब्याज) असुलीमा प्रभाव पारेकोले वित्तीय संस्थाको आम्दानीमा असर गरेको ।

ख) एउटै कार्यक्षेत्रमा लघुवित्त संस्थाहरुको बाक्लो उपस्थिती, ग्राहक सदस्यको आम्दानीमा परेको प्रभाव आदीले असुलीमा प्रत्यक्ष असर परी कर्जाको गुणस्तर कमजोर हुन गएको ।

ग) बैंक तथा वित्तीय संस्थालाई आधार दर भन्दा कम दरमा कर्जा सापट उपलब्ध नगराउन नियमनकारी संस्थाले दिइएको निर्देशनले आगामी दिनमा कर्जा सापटको व्याज दर वृद्धी हुने देखिएको हुँदा, संस्थाको आयमा प्रत्यक्ष असर गर्ने ।

६. **संस्थागत सुशासन** : नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु, कम्पनी ऐन, २०६३ (संशोधन सहित) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदी पालना गरिएको छ । वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियामवली र अन्य आन्तरिक नीति निर्देशिकाहरु, आन्तरिक लेखापरिक्षण निर्देशिका, सुचना प्रणाली नीति, सम्पति शुद्धीकरण अनुगमन निर्देशिका तयार गरी लागु गरिएको छ । त्यसैगरी लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पति शुद्धीकरण अनुगमन समिती गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछु कि मैले जाने बूझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित हुन निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।